निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन इ-बुलेटिन

२४ दिन बाँकी

• वर्ष १ • अङ्क ६ • २०७९ वैशाख ६ गते मंगलबार (April 19, 2022)

# प्रेस जगतको निरन्तर खबरदारी र सहयोगले निर्वाचन सफल हुन्छ : प्रमुख आयुक्त थपलिया



**काठमाडौं-** प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले प्रेस जगतको निरन्तर खबरदारी र सहयोगले निर्वाचन सफल हुने बताउनुभएको छ । निर्वाचन आयोगद्वारा मंगलबार यहाँ आयोजित मिडिया अन्तरक्रिया कार्यक्रमको उद्घाटनमा प्रमुख निर्वाचन आयुक्त थपलियाले सो कुरा बताउनु भएको हो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनप्रति सबै नागरिकको नागरिक दायित्व रहेको चर्चा गर्नुभयो । निर्वाचन भनेको लोकतन्त्रको आधारस्तम्भ भएकाले स्थानीय तह निर्वाचन हुने विषयमा कुनै आशंका र संशयको नजरले नहेर्न उहाँले सबैमा आग्रह गर्नुभयो । निर्वाचन तोकिएकै मिति वैशाख ३० गते सम्पन्न हुने उहाँले विश्वास दिलाउनुभयो ।

आयोगले मनोगत आधारमा नभई सरोकारवालासँग व्यापक छलफलका आधारमा सुधारका विषयलाई कार्यान्वयनमा ल्याइरहेको पनि उहाँले जानकारी गराउनुभयो । कुनै पनि परिवर्तन र सुधारको कामलाई शंकाको दृष्टिकोणले हेर्ने समाजको प्रवृत्ति भएकाले कतिपय अवस्थामा अनावश्यक आशंका र संशयको दृष्टिले हेर्ने गरिएको उहाँले बताउनुभयो । निर्वाचन खर्चिलो र भड्किलो भएको चिन्ता सबैतर्फ भएकाले आगामी निर्वाचन भड्किलो नहोस् भनेर आयोगले निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद तोकेको उहाँले जानकारी गराउनुभयो ।

निर्वाचन आयोगको एकमात्र लक्ष्य निर्वाचन सफल पार्ने भएकाले स्वच्छ आलोचनालाई आयोगले सदैव स्वागत गर्ने बताउनुभयो ।

(बाँकी पृष्ठ २ मा)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
**दिनेश कुमार थपलिया**



निर्वाचन आयुक्त
**इश्वरीप्रसाद पौड्याल**




निर्वाचन आयुक्त
**रामप्रसाद भण्डारी**



निर्वाचन आयुक्त
**डा. जानकी कुमारी तुलाधर**



निर्वाचन आयुक्त
**सगुन शम्सेर ज. ब. रा.**



सचिव
**गोकर्णमणि दुवाडी**

# प्रेस जगतको निरन्तर ...



देशभरी गरिएको पत्रकारसँगको अन्तरक्रियाले मुलुकमा निर्वाचनको वातावरण तयार पारेको चर्चा गर्नुहुँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले प्रेसको साथ र सहयोगले नै निष्पक्ष, स्वतन्त्र, मितव्ययी, भयरहित र पारदर्शी निर्वाचन सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नुभयो । सबैलाई त्यसका लागि सहयोग गर्न उहाँले आव्हान गर्नुभयो ।

प्रमुख आयुक्त थपलियाले नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालको साझेदारी र सहकार्यमा निर्वाचनका लागि नयाँ उत्साहको सन्देश प्रवाह भएको बताउनुभयो । प्रमुख आयुक्त थपलियाले लोकतन्त्रमा निर्वाचन प्रीय र सम्मानित शब्दको रुपमा लिने गरिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'निर्वाचनको निष्ठालाई कमजोर पार्ने प्रवृत्तिले लोकतन्त्रलाई बलियो बनाउँदैन, सबैखाले शंका र संशयलाई चिर्दै निर्वाचन सम्पन्न गर्न आयोग दृढ संकल्प लिएर अघि बढेको छ ।' मतदानका अघिल्लो दिन १८ बर्ष उमेर पुगेकाले मतदान गर्न पाउने, एकै दिन एकै चरणमा निर्वाचन गर्ने, समावेशीताका आधारमा प्रतिनिधि छनौटका लागि राजनीतिक दललाई प्रेरित गर्ने काम आयोगबाट भएको चर्चा गर्नुभयो ।

निर्वाचनको विषयमा अन्यथा सोच्न पनि छुट नरहेको बताउनुहुँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, 'हाम्रो गन्तव्य अव रोकिदैन, निर्वाचन सम्पन्न हुन्छ ।' २०७९ साल निर्वाचन वर्ष भएको बनाउनुहुँदै स्थानीय तह निर्वाचन पछि संसदीय निर्वाचन, राष्ट्रपति र उपराष्ट्रपतिको पनि निर्वाचन गरिने बताउनुभयो ।

निर्वाचन आचारसंहिता प्रभावकारी रुपमा कार्यान्वयन होस् भनेर सबै पक्षसँगको सुझावका आधारमा आचारसंहिता जारी गरिएको बताउँदै उहाँले सबै पक्षको सहभागितामा आचारसंहिताको अनुगमन गरिने जानकारी गराउनुभयो । प्रेस काउन्सिल नेपालले अनुगमनको काम गरिरहेको पनि उहाँले जानकारी दिनुभयो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले मौन अवधिमा मतदातालाई प्रभावित पार्ने गतिविधि नहोस् भनेर मौन अवधिमा देशभर मादक पदार्थको बिक्री वितरण र सेवनमा रोक लगाउने प्रस्ताव गरिएको जानकारी दिनुभयो ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार आचारसंहिता र निर्वाचन अचारसंहिताको पूर्ण पालना गर्न सञ्चार जगतलाई आग्रह गर्नुभयो । 'आचारसंहिताको बन्धनभित्र बस्ने सबैको दायित्व हो, तोकिएको समयमा भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गराउन सञ्चारमाध्यमले भूमिका खेल्नुपर्छ' उहाँले भन्नुभयो, 'आचारसंहिताको दायराभित्र बसौं, आफूमाथि प्रश्न उठ्ने अवस्थाको अन्त्य गरौं ।'

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले मतदान स्थलसम्म मतदातालाई लैजाने र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गराउन सञ्चारमाध्यमले भूमिका खेल्नुपर्ने बताउनुभयो । स्वतन्त्र, निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गराउनु सञ्चार माध्यमको कर्तव्य भएको उहाँले चर्चा गर्नुभयो ।

कार्यक्रममा फोटो पत्रकार, अनलाइन मिडियाका पत्रकार र निर्वाचन विटमा समाचार लेख्ने पत्रकारलाई निर्वाचन आचारसंहिता, विषयवस्तुको उठान, समाचार सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने लगायत विषयमा विज्ञहरूले प्रस्तुति गर्नुभएको थियो ।

# 'निर्वाचन सफल बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्छ'



**काठमाडौँ-** लोकतन्त्रको मुख्य आधार निर्वाचन भएकाले नेपाली प्रेससहित सबै पक्षलाई जिम्मेवार भएर लाग्न विज्ञहरुले सुझाव दिनुभएको छ । निर्वाचन आयोगद्वारा मंगलबार यहाँ आयोजित मिडिया अभिमुखीकरण कार्यक्रममा उहाँहरूले सो सुझाव दिनुभएको हो ।

वरिष्ठ पत्रकार हरिबहादुर थापाले निर्वाचन निष्पक्ष, भयरहित, स्वतन्त्र र पारदर्शीरूपमा सम्पन्न गराउन सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहने चर्चा गर्नुभयो । निर्वाचनले शहरभन्दा गाउँमा बढी महत्व पाइरहेको बताउनुहुँदै उहाँले सञ्चार माध्यमले पस्कने निर्वाचनसम्बन्धी विषयवस्तुकै परिणाम दूरदराजका नागरिक सुसुचित हुन पाएको बताउनुभयो । स्थानीय तहको सरकार नै नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले उम्मेदवारको आकर्षण स्थानीय तहतिर केन्द्रीत भइरहेको उहाँले बताउनुभयो ।

निर्वाचन प्रणालीको कमजोर पक्षका कारण पैसा खर्च गर्न सक्ने उम्मेदवार हावी हुने र इमान्दार व्यक्ति ओझेलमा पर्नेगरेको वरिष्ठ पत्रकार थापाले बताउनुभयो । निर्वाचनलाई खर्चिलो र भड्किलो हुनबाट रोक्नसके भ्रष्टाचार न्यूनीकरणमा पनि सघाउ पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । निर्वाचनमा कुनै किसिमको धाँधली र अपारदर्शी काम नहोस् भनेर मिडियाकर्मी सदैव चनाखो हुनुपर्ने उहाँले बताउनुभयो । निर्वाचन आचारसंहिता २०७८ उत्कृष्ट भएकाले त्यसको पूर्ण पालना गर्नसके निर्वाचन सफल हुने उहाँले सुझाव दिनुभयो ।

निर्वाचन आयोगका उपसचिव सूर्यप्रसाद अर्यालले निर्वाचन सफल बनाउने प्रमुख पक्ष आचारसंहिताको सही कार्यान्वयन भएकाले मिडियाकर्मी र सञ्चारमाध्यमले त्यसको महत्वबारेमा सबै पक्षलाई सचेत गराउनुपर्ने बताउनुभयो । आचारसंहिता दल, उम्मेदवार, पत्रकार, मतदाता सबैलाई लाग्ने हुनाले त्यसबारे नागरिकलाई सुसुचित गराउने जिम्मेवारी सञ्चारमाध्यमको भएको बताउनुभयो । वैशाख ३० गते पदाधिकारीहरुको निर्वाचन सम्पन्न हुने भएपनि परिणाम आउन केही समय लाग्ने र परिणाम आएको तीन दिनभित्र जिल्ला समन्वय समितिको निर्वाचन तालिका सार्वजनिक गर्नुपर्ने कानुनी प्रावधान रहेको उहाँले जानकारी गराउनुभयो ।

आचारसंहिताको उल्लङ्घन भएमा २५ हजारदेखि १ लाख रुपियाँसम्म जरिवाना गर्ने प्रावधान भएकाले त्यसको अक्षरशः पालना गर्नुपर्ने बताउनुभयो । निर्वाचन सफल पार्न वातावरण बनाउने काम मिडियाको भएकाले तथ्यमा आधारित समाचार मात्र सम्प्रेषण गर्न उहाँले मिडियाकर्मीलाई आग्रह गर्नभयो ।

मिथ्या सूचना र दुष्प्रचारका अनुसन्धानकर्ता किरण चापागाईले निर्वाचनमा मिथ्या सूचना, दुस्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति धेरै हुने हुनाले त्यसमा मिडियाकर्मी सचेत हुनुपर्ने बताउनुभयो । मिडियाकर्मी आफू सचेत भएपछि आफ्ना पाठक, दर्शकलाई सही सूचना दिन सहयोग पुग्नेभएकाले मिडियाकर्मी जहिले चनाखो हुनुपर्ने उहाँले सुझाव दिनुभयो । मिथ्यासूचना अहिले विश्वभरीका मानिसको टाउको दुखाईका विषय भएकाले निर्वाचनताका यसमा सबै पक्ष थप सचेत हुनुपर्ने बताउनुभयो ।

मिथ्या सूचना, दुस्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिले समाजमा हिंसा मच्चाउने, एकअर्काबीच शत्रुतापूर्ण वातावरण निर्माण गर्ने भएकाले समाजलाई विभाजित हुन नदिनेतर्फ मिडियाकर्मीले भूमिका निर्वाह गर्नुपर्ने उहाँले बताउनुभयो । समाजलाई जोड्ने काम सञ्चारमाध्यमको काम भएकाले सही र सत्यतथ्य सूचना मात्र नागरिकबीच सम्प्रेषण गर्नुपर्ने विज्ञ चापागाईले सुझाव दिनुभयो । बजारमा अहिले फेक न्यूजको हल्ला बढी भएपनि त्यसलाई 'डिसइन्फर्मिङ न्यूज' भन्नुपर्ने उहाँले बताउनुभयो । विभिन्न 'रिसर्च'ले पनि 'फेक न्यूज' भन्नुभन्दा 'डिसइन्फर्मिङ न्यूज' भन्न सुझाएको उहाँले प्रष्ट पार्नुभयो ।

अभिमुखीकरण कार्यक्रममा पत्रकारले निर्वाचन प्रक्रिया, आचारसंहिताको कार्यान्वयन, निर्वाचन आयोगले पत्रकार र सञ्चार माध्यमबाट गरेको अपेक्षाका बारेमा जिज्ञासा गर्नुभएको थियो । निर्वाचन निष्पक्ष र विश्वसनीयरुपले सम्पन्न गराउन आयोगको काम पनि पारदर्शी र निष्पक्ष हुनुपर्ने सुझाव दिनुभयो ।

# अनलाइन पत्रकारसँग निर्वाचन आयोगको अन्तरक्रिया





**काठमाडौं-** निर्वाचन आयोगले प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघसँगको सहकार्यमा अनलाइन मिडियामा कार्यरत पत्रकारसँग अन्तरक्रिया गरेको छ । मंगलबार काठमाडौंमा आयोजित अन्तरक्रियामा प्रेस काउन्सिलका सदस्य ठाकुर बेलबासेले निर्वाचनमा मिथ्या सूचना, दुष्प्रचार र घृणाष्पद अभिव्यक्तिको रोकथाम तथा निर्वाचनमा तिनले पार्न सक्ने प्रभावका विषयमा चर्चा गर्नुभयो ।

खोज पत्रकारिता केन्द्रका सम्पादक किरण नेपालले निर्वाचनसँग सम्बन्धित समाचार सङ्कलन, रिर्पोटिङ र आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले निर्वाचन आचारसंहिता २०७८ को कार्यान्वयनमा अनलाइन मिडिया र सामाजिक सञ्जालसँग सहकार्य विषयमा प्रस्तुति गर्नुभएको थियो ।

अन्तरक्रियामा प्रस्तुति दिँदै प्रेस काउन्सिलका सदस्य बेल्बासेले पत्रकार आचारसंहितासँग निर्वाचन आचारसंहिताको पालना अनलाइन मिडिया तथा सञ्चारकर्मीले गरेका छन कि छैनन् भनेर सुक्ष्म अध्ययन भइरहेको बताउनुभयो ।

'निर्वाचनका बेला मिडिया एवम् सञ्चारकर्मी अझ बढी संवेदनशील हुनुपर्छ सदस्य बेलबासेले भन्नुभयो, 'पहिलो हुने होडबाजीमा मिथ्या सूचना प्रवाह गर्नेकाम कतैबाट हुनुहुँदैन ।'

गलत र दोहोरो अर्थ लाग्नेखालका शीर्षक राखेर पाठक तथा स्रोतालाई भ्रममा पार्ने काम गर्न मिडिया तथा सञ्चारकर्मीलाई काउन्सिलले सचेत गराउने तथा कतिपय अवस्थामा कारबाही गर्नेगरेको उहाँले बताउनुभयो। निर्वाचनका बेला दुष्प्रचार तथा घृणास्पद अभिव्यक्ति राजनीतिक दलका नेता तथा कार्यकर्ताबाट हुनेगरेको उल्लेख गर्दै काउन्सिलले यस विषयमा पनि अध्ययन गरिरहेको बेलबासेले बताउनुभयो ।

खोज पत्रकारिता केन्द्रका सम्पादक नेपालले पत्रकारले पत्रकारिता मात्र गर्‍यौं भने पनि निर्वाचन आचारसंहिताको अक्षरशः पालना हुने बताउनुभयो ।

निर्वाचनसँग सम्बन्धित समाचार संकलन तथा रिपोर्टिङका विभिन्न चरण हुने चर्चा गर्दै सम्पादक नेपालले निर्वाचनअघि, निर्वाचन घोषणा भइसकेपछि, मौन अवधि सुरु भएपछि र निर्वाचनको परिणाम आइसकेपछिका छुट्टाछुट्टै चरणमा मिडियाले गर्ने रिर्पोटिङ विषयवस्तु फरक फरक हुने बताउनुभयो ।

निर्वाचनका बेला राजनीतिक परिस्थिति निकै तरल हुनेभएकाले सञ्चारकर्मीले विशेष ध्यान दिएर रिर्पोटिङ गर्नुपर्ने बताउँदै सम्पादक नेपालले भन्नुभयो, 'आधिकारिक स्रोत र प्राप्त सूचना 'भेरिफाइड' गरेर मात्र समाचार प्रकाशन तथा प्रसारण गर्नुपर्छ ।'

अनलाइन सञ्चारमाध्यमले अरुभन्दा छिटो हुन खोज्ने तथा समाचार 'ब्रेकिङ' गर्ने होडबाजीमा निर्वाचनका बेला गलत सूचना प्रवाह गर्ने जोखिम उच्च रहेकाले यसतर्फ आजैदेखि चनाखो हुनुपर्ने उहाँले बताउनुभयो । निर्वाचनका बेला गरिने रिर्पोटिङमा मतदाताको अधिकारको रक्षा गर्ने विषय छुटाउन नहुने सुझाव दिनुभयो ।

निर्वाचन आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले निर्वाचन आचारसंहिता नैतिक र कानूनी बन्धन भएकाले यसको अक्षरश: कार्यान्वयनका लागि मिडियाको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । निर्वाचन आचारसंहिता राजनीतिक दल, उम्मेदवार, विभिन्न संघ संस्थादेखि मतदातासम्मलाई लाग्ने भएकाले सबैले आफ्नो यसको पालनामा इमान्दार हुनुपर्ने बताउनुभयो ।

निर्वाचन आचारसंहिता २०७८ को बारेमा विस्तृतरूपमा जानकारी दिँदै सहसचिव भट्टराईले सञ्चार प्रतिष्ठान, कर्मचारी तथा पत्रकारले कुनै राजनीतिक दल, उम्मेदवार वा निजको प्रतिनिधिबाट दान उपहार वा आर्थिक सहयोग लिन नहुने बताउनुभयो। कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने बताउँदै उहाँले जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्रबीचको सम्बन्ध र सद्भावमा खलल पार्ने समाचार प्रकाशन र प्रसारण गर्न नहुने बताउनुभयो ।

# तस्बिर सबैभन्दा ठूलो प्रमाण हो



काठमाडौं- वरिष्ठ फोटो पत्रकारले आगामी स्थानीय तह निर्वाचनसम्बन्धी तस्बिर खिच्न सहज पहुँच आवश्यक रहेको बताउनुभएको छ । उहाँहरूले फोटो पत्रकारले राजनीतिक नेताको मात्र नभई आफ्नै सहकर्मीसहित सबै तह र तप्काको निगरानी गर्ने भएकाले निर्वाचनसम्बन्धी तस्बिर लिन सहज पहुँचका लागि आयोग र सुरक्षाकर्मीको समन्वय र सहयोग आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघको सहयोग र समन्वयमा निर्वाचन आयोगद्वारा आज यहाँ आयोजित मिडिया अन्तरक्रियामा वरिष्ठ फोटो पत्रकार विकास रौनियारले निर्वाचनसम्बन्धी तस्बिर खिच्न पहुँच र सुरक्षाकर्मी चुनौति भएपनि संयम र सुझबुझकासाथ प्रस्तुत भएर काम गर्न सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, 'तस्बिर सबैभन्दा ठूलो प्रमाण हो, फोटो पत्रकार अरुबाट उपयोग हुनुहुन्न, एउटै दृश्यका लागि भिड नगरी दृश्यको विविधता दिनेतर्फ लाग्नु उचित हुन्छ ।' नेपाल पत्रकार महासंघका सदस्य एवम् फोटो पत्रकार विकास कार्कीले पर्याप्त पूर्वतयारी र निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी निर्वाचनसम्बन्धी तस्बिर लिन फोटोपत्रकारलाई सुझाव दिनुभयो ।

सुरक्षा संवेदनशीलता र स्थानीय परि स्थितिलाई हेक्का राखेर जिम्मेवार भई सुझबुझकासाथ काम गर्न सल्लाह दिनुभयो।

आयोगका उपसचिव कमल भट्टराईले निर्वाचन आचारसंहितासम्बन्धी विस्तृत विवरण प्रस्तुत गर्दै आचारसंहिता कानूनी प्रावधानमात्र नभई नैतिक बन्धन भएकाले त्यसको परिपालनामा ध्यान पुऱ्याउन सबैलाई सुझाव दिनुभयो । निर्वाचनमा बालबालिकाको प्रयोग र तोकिएका मापदण्ड विपरितका झण्डा र चुनाव चिन्ह प्रयोग गर्न नहुने भएकाले त्यस्ता विषय देखिएमा तस्बिर उपलब्ध गराएर निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित तुल्याउन आयोगको अभियानमा सहयोग पुऱ्याउन आग्रह गर्नुभयो। कार्यक्रममा राष्ट्रिय सञ्चार माध्यममा कार्यरत करिब ४० जना फोटो पत्रकारको सहभागिता थियो ।



# निर्वाचन कार्यालयद्वारा दलहरूसँग छलफल

विराटनगर-आसन्न स्थानीय तहको निर्वाचनलाई भयरहित, स्वतन्त्र, पारदर्शी एवम् निष्पक्ष बनाउन प्रदेश निर्वाचन कार्यालय विराटनगरले जिल्लास्थित क्रियाशील राजनीतिक दलहरूसँग छलफल गरेको छ ।

छलफलमा दलका प्रतिनिधिहरूलाई निर्वाचन आचारसंहिता विषयमा कार्यालय प्रमुख लेवन कास्यप अधिकारीले विस्तृत रूपमा जानकारी गराउनुभएको थियो । मतदाता समेतलाई निर्वाचन आचारसंहिता लाग्ने भएकाले निर्वाचन सम्बन्धमा निर्वाचन आयोगबाट जारी गरिएको आचारसंहिता सबैले इमान्दारीपूर्वक पालना गर्न प्रमुख अधिकारीले आग्रह गर्नुभयो। मोरङमा कूल स्थानीय तह १७ वटामा १५९ वडा रहेको, सबै स्थानीय पालिका गरी सात लाख १५ हजार २२३ मतदाता, भाग लिने राजनीतिक दल स्वतन्त्रबाहेक ३९, कूल मतदानस्थल ३०० र मतदान केन्द्र ८२० छन्।

सबैभन्दा बढी विराटनगर महानगरपालिकामा १ लाख ३३ हजार १४२ र सबैभन्दा कम मिक्लाजुङ गाउँपालिकामा २३ हजार ९९० मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ । सो अवसरमा प्रमुख जिल्ला अधिकारी काशिराज दाहालले निर्वाचनमा कुनै पनि अनियमितता हुन नदिन जिल्ला प्रशासन कार्यालय सचेत रहेको भन्दै निर्वाचन आचारसंहिता पालना गर्न सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

सहभागी दलका प्रतिनिधिहरूले आचारसंहिता पालना गर्ने र यसलाई ठूला दलबाटै भत्काउने काम हुनेगरेको पाइएकाले यसतर्फ निर्वाचन आयोग र सुरक्षा निकायको ध्यान जानुपर्ने बताएका थिए ।

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना हुँदै


काठमाडौँ- निर्वाचन आयोग र सबै सुरक्षा निकायका प्रतिनिधिहरूको प्रतिनिधित्व हुनेगरी वैशाख १० गते आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) स्थापना हुँदैछ। निर्वाचनलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न आयोगका सहसचिवको संयोजकत्वमा गृह मन्त्रालय, रक्षा मन्त्रालय र सुरक्षा निकायका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतको प्रतिनिधित्व केन्द्रमा रहनेछ। वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयन यही वैशाख ११ र १२ गते हुँदैछ।

निर्वाचन कार्यलय स्थापना गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने तथा जिल्ला निर्वाचन कार्यालय र निर्वाचन अधिकृतको कार्यालयद्वारा सञ्चालित निर्वाचन कार्यक्रमसम्बन्धी प्रगति प्रतिवेदन तुरुन्त प्राप्त गरी सचिवालयमार्फत् आयोगमा पेश गर्ने केन्द्रको मुख्य जिम्मेवारी रहने छ।

विभिन्न सुरक्षा निकायसँग समन्वय र सम्पर्क गरी निर्वाचनसम्बन्धी वस्तुस्थिति बुझी सुरक्षा अवस्थाको प्रतिवेदनसहित आयोगमा पेश गर्ने, निर्वाचन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सबै विषय प्रवक्ता मार्फत सबैसामु पुऱ्याउन आवश्यक सूचना र विवरण उपलब्ध गराउने जिम्मेवारी रहेको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय र अन्य निकायले पेश गरेका समस्या समाधान गर्न आवश्यक व्यवस्था मिलाउने, निर्वाचन सुरक्षा तथा निर्वाचन हिंसाका घटना, परिघटनाको सङ्कलन एवम् विश्लेषण, रोकथाम र समाधान गर्नका लागि उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा केन्द्रले सुझाव पेश गर्नेछ ।

निर्वाचन व्यवस्थापनसम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण अद्यावधिक गर्ने तथा दैनिक प्रतिवेदनसम्बन्धी काम केन्द्रबाट हुनेछ । केन्द्रले निर्वाचन कार्य सम्पन्न पछि आयोगसमक्ष अन्तिम प्रतिवेदन पेश गर्ने कार्य जिम्मेवारी छ ।



# निष्पक्ष निर्वाचनमा कर्मचारीको भूमिका महत्वपूर्ण

बागमती-मकवानपुरका मुख्य निर्वाचन अधिकृत एवम् जिल्ला न्यायाधीश डिल्लीरत्न श्रेष्ठले आसन्न स्थानीय तहको निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन राष्ट्रसेवक कर्मचारीको ठूलो जिम्मेवारी रहेको बताउनुभएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले आयोजना गरेको कार्यालय प्रमुखहरूको बैठकमा उहाँले निर्वाचन आचारसंहिताको पालना र निर्वाह गर्नुपर्ने भूमिकाबारे जानकारी दिनुभएको हो ।

मुख्य निर्वाचन अधिकृत श्रेष्ठले राष्ट्रसेवक कर्मचारीले कुनै पनि राजनीतिक दलको प्रचारप्रसार नगर्न र विभिन्न कार्यक्रममा भाग नलिई तटस्थता देखाउनुपर्नेमा जोड दिनुभयो । 'लोकतन्त्रमा आ-आफ्नो विचार सबैको हुन्छ तर कर्मचारीको भूमिका निर्वाह गर्दा निर्वाचन आचारसंहिता पालना गर्नैपर्छ' उहाँले भन्नुभयो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले स्थानीय तहको निर्वाचनलाई निष्पक्ष गराउनु सबैको साझा दायित्व रहेको बताउँदै स्थानीय तहको निर्वाचनलाई उत्साहजनक बनाउनुपर्नेमा जोड दिनुभयो ।

प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेश हेटौंडाका प्रमुख लुम्बनाथ पोखरेलले स्थानीय निर्वाचनको तयारी तीव्र रूपमा भइरहेको जानकारी दिँदै निर्वाचनमा खट्ने कर्मचारीको विवरण सङ्कलन, मतदानस्थलको निरीक्षण, अनुगमन र सम्बन्धित निकायहरूसँग समन्वय र छलफल भइरहेको जानकारी दिनुभयो ।

बैठकमा निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरीसहित विभिन्न संस्थानका कार्यालय प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

दस वटा स्थानीय तह रहेको मकवानपुरमा कूल मतदाता दुई लाख ९५ हजार ५५० रहेको छ । विगतको तुलनामा यसपटक जिल्लामा ३९ हजार ९४६ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ । तीमध्ये इन्द्रसरोवर गाउँपालिकामा १२ हजार ४९५, कैलाश गाउँपालिकामा १४ हजार ६२०, थाहा नगरपालिकामा ३२ हजार ३१६, बकैया गाउँपालिकामा ३० हजार १३, बागमती गाउँपालिकामा २२ हजार ९०, भीमफेदी गाउँपालिकामा १७ हजार ४९०, मकवानपुरगढी गाउँपालिकामा १९ हजार १५०, मनहरि गाउँपालिकामा २६ हजार ७५१, राक्सिराँग गाउँपालिकामा १५ हजार ८७३ र हेटौंडा उपमहानगरपालिकामा एक लाख चार हजार ४७३ रहेको निर्वाचन कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

विसं २०७४ को स्थानीय तहको निर्वाचनमा मकवानपुरमा दुई लाख २७ हजार ७०० मतदाता रहेको थियो । स्थानीय तहको निर्वाचनका लागि मकवानपुरको एक मतदानस्थल सारिने र एक थपिने भएको छ । जिल्लाको हेटौंडा उपमहानगरपालिका –४ स्थित वासुदेश सभागृहको मतदानस्थल सारेर हेटौंडा उपमहानगरपालिका–४ भुटनदेवी माविमा राखिने निर्णय भएको निर्वाचन कार्यालयले जनाएको छ ।

हेटौंडाको हुप्राचौरस्थित वासुदेव सभागृह भत्काएर नयाँ भवन निर्माण कार्य भइरहेकाले मतदानस्थल सारिएको जनाइएको छ। त्यसैगरी मनहरि गाउँपालिकामा एक मतदानस्थल थप्ने निर्णय भएको छ। मनहरि-६ मा मतदानस्थल थपिने बताइएको छ। मकवानपुरमा हाल १६५ मतदानस्थल कायम भएको छ ।

## स्थानीय तह सदस्य निर्वाचन, २०७९

**मतदान हुने मिति: वैशाख ३० गते शुक्रबार**
**मतदानको समय: बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म**

### सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण

**सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण**: सञ्चार प्रतिष्ठान, सोमा सम्बद्ध कर्मचारी तथा पत्रकारले देहायका आचरण पालना गर्नु पर्नेछः

**(क)** कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिबाट दान, उपहार वा आर्थिक सहयोग लिन नहुने,
**(ख)** कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,
**(ग)** जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्र बीचको सम्बन्ध र सद्भावमा खलल पार्ने, राजनीतिक आस्था वा विचार, राष्ट्रियता तथा सामाजिक अवस्था जस्ता कुनै पनि आधारमा भेदभाव हुने गरी समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,
**(घ)** राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने,
**(ङ)** आयोगले तोकेको समयावधिभन्दा बढी नहुने गरी राजनीतिक दल वा उम्मेदवारको निर्वाचन सम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्ने, त्यसरी प्रकाशित विज्ञापनमा सःशुल्क विज्ञापन भएको जनाउ दिनु पर्ने,
तर मौन अवधिमा त्यस्तो विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न पाइने छैन ।
**(च)** कसैको पक्ष वा विपक्षमा एस. एम. एस., फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइवर, यूट्युब, इन्स्टाग्राम जस्ता विधुतीय माध्यम प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने,
**(छ)** सूचनाको स्रोतको गोपनीयता भङ्ग गर्न नहुने,
**(ज)** राजनीतिक दल वा उम्मेदवार तथा उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान प्रतिष्ठा, इज्जतमा आँच पुऱ्याउने तथा गलत र भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने,
**(झ)** मौन अवधिमा सामाजिक सञ्जाल, अनलाईन छापा माध्यम वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न, कमेन्ट, प्रतिकमेन्ट गर्न, समाचार प्रकाशन वा प्रसारण गर्न नहने,
**(ञ)** मौन अवधिमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापन, टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न नहुने,
**(ट)** निर्वाचनको बारेमा नकारात्मक सन्देश प्रवाह गर्ने लेख, तस्वीर वा अन्य प्रकाशन छाप्न नहुने ।

# तथ्य र यथार्थपरक सूचना प्रवाह होस् : आयुक्त डा. तुलाधर



काठमाडौँ- निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधरले स्थानीय तहसम्बन्धी समाचार अन्दाज र अनुमानका आधारमा नभई तथ्य र यथार्थपरक सूचना प्रवाह गर्न सञ्चार जगतसँग आग्रह गर्नुभएको छ।

स्थानीय तह निर्वाचन सन्दर्भमा प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघको सहयोग र समन्वयमा निर्वाचन आयोगद्वारा आज यहाँ आयोजित मिडिया अन्तक्रियामा उहाँले निर्वाचन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्ने आयोगको निर्वाचन कार्यमा सहयोग पुऱ्याउन सञ्चार क्षेत्रसँग अनुरोध गर्नुभयो।

आयुक्त तुलाधरले भन्नुभयो, 'लोकतन्त्रको आधार भनेको स्वतन्त्र निर्वाचन हो, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी बनाउन सञ्चार क्षेत्रले गर्दैआएको सहयोग सह्रानीय छ।'

निर्वाचन व्यवस्थापन सुदृढीकरणका लागि आयोगले काम गर्दैआएको बताउँदै डा. तुलाधरले निर्वाचनसम्बन्धी सही सूचना र निर्णयलाई आम नागरिक सामु पुऱ्याएर सहयोग गर्न नेपाली प्रेससँग आग्रह गर्नुभयो।

आयोगका प्रवक्ता तथा सहसचिव शालिग्राम शर्मा पौडेलले निर्वाचन आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्न केन्द्रदेखि पालिकासम्म विभिन्न तहका संयन्त्र परिचालित रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'सञ्चार क्षेत्रले निर्वाचान आचारसंहिता उल्लङ्घन भए नभएकोबारे तथ्यगत सूचना निशुल्क सम्प्रेषण गरी आयोगको काममा सहयोग पुऱ्याएको छ।'

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले निर्वाचनको समाचार लेख्दा सञ्चारकर्मीले दल विशेषप्रतिका आस्था र आबद्धता त्याग्नु पर्ने सुझाव दिनुभयो। उहाँले भन्नुभयो, 'चुनावका बेला फेक न्यूजको कारखाना नै चल्न सक्ने खतरा हुन्छ, त्यसबाट जोगिन समाचारको पुष्ट्याइँ गरी सत्यतथ्य समाचार सम्प्रेषमा ध्यान पुऱ्याउनु पर्छ।'

वरिष्ठ पत्रकार बबिता बस्नेतले राजनीतिक दलका नेताबाट एक-अर्कालाई लाञ्छित गर्नेगरी आउनेगरेको अभिव्यक्तिले नेताको उत्तरदायित्वमाथि प्रश्न खडा गरेको बताउनुभयो। उहाँलेभन्नुभयो, 'निर्वाचनका समयमा 'मिसइन्फर्मेसन' र 'डिसइन्फर्मेसन'को चूनौति छ, प्रभावकारी अनुगमनका लागि निर्वाचन अनुगमन संयन्त्र प्रभावकारी हुन आवश्यक छ।'

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**निर्वाचनसम्बन्धी आधिकारिक जानकारी तथा सूचनाका लागि निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल फलो गर्नुहोला।**

**इ-बुलेटिन प्रकाशन समिति**

संरक्षक : **गोकर्णमणि दुवाडी,** सचिव
**शालिग्राम शर्मा पौडेल**, सहसचिव- संयोजक
**कमल भट्टराई,** उपसचिव- सदस्य,
**राजन नेपाल**- सदस्य, **नारायणप्रसाद न्यौपाने**- सदस्य, **लोकबहादुर चौधरी**- सदस्य,
**श्रवणकुमार लुइटेल**- सदस्य सचिव

**टोल फ्री नं.:** ११०२ **फोन नं.:** ०१-५३२८६६३, **फ्याक्स:** ०१-५३२९२२७, **इमेल:** info@election.gov.np, **वेबसाइट:** www.election.gov.np